प्रशासन

नवलपुर जिल्ला अदालत कौवासोती
दर्ता नं. १६८८३
मिति ०७६।८।२६

०७६-५२०१३२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी
## भूमिसुधार शाखा

पत्र संख्या :- २०७६ /०७७ मिति :-२०७६/८/१५

च.नं. :७०५

**विषय :- मोही बाँडफाँड सम्बन्धी सुचना सम्बन्धमा ।**

**श्री जिल्ला अदालत नवलपुर,**
**बर्दघाट सुस्ता पूर्व न.प.**

प्रस्तुत विषयमा भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको च.नं. ५३८ मिति २०७५/२/२४ को पत्र अनुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिने निवेदन दिने र कारवाही टुङ्गो लगाई सक्नु पर्ने अवधि सम्बन्धमा मन्त्रालयको सुचना नेपाल राजपत्र भाग ५ खण्ड ६९ संख्या २५ मिति २०७६/५/३० म प्रकाशित भएको हुदाँ सुचना बमोजिम कायान्वयन गर्न गराउन हुन भनी भूमि व्यवस्था गरिवी निवारण मन्त्रालयको प.सं. ०७६०७७ ( ज.टी १९८५) १४१ च.नं. ४४७ मिति २०७६/५/३१ को पत्र बाट लेखिआएको हुदाँ उक्त राजपत्रको फोटोकपी साथ संलग्न राखी आवश्यक कार्यर्थ लागि पठाईएको छ । मोही बाँडफाँडका लागि हालसम्म निवेदन नदिएका मोही तथा जग्गाधनीलाई पर्याप्त सूचना समयमै पुर्‍याई निवेदन दिनका लागि प्रत्येक वडाहरुमा टाँस गर्ने, स्थानिय लगायतका संचार माध्यमबाट समाचारको रुपमा प्रचार प्रसार गराउने र यो सुचना यस कार्यालयको वेवसाइटमा राखि प्राप्त सुचना आफ्नो सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ । यसै साथ सुचना संलग्न राखि पठाईको व्यहोरा अनुरोध छ ।

०७६।८।१५
कार्यालय प्रमुख

**बोधार्थ :-**

- श्री जिल्ला प्रशासन कार्यालय ,नवलपुर (ब.स.पू.)
- श्री जिल्ला समन्वय समिति नवलपुर (ब.सु.पू.)
- श्री मालपोत कार्यालय नवलपुर, (ब.सु.पू.) ।
- श्री नापी कार्यालय नवलपुर, (ब.सु.पू.) ।
- श्री कावासोती नगरपालिका कावासोती, (ब.सु.पू.) ।
- गैडाकोट नगरपालिका (ब.सु.पू.) ।
- श्री देवचुली नगरपालिका (ब.सु.पू.) ।
- श्री मध्यबिन्दु नगरपालिका (ब.सु.पू.) ।
- श्री बुङदीकाली गाउँपालिका (ब.सु.पू.) ।
- श्री बुलिङटार गाउँपालिका (ब.सु.पू.) ।
- श्री विनयी गाउँपालिका (ब.सु.पू.) ।

पुष्पराज पाण्डे
कार्यालय प्रमुख

# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी खण्ड ६६ सङ्ख्या २२ मिति २०७३/५/६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद सो सूचना प्रकाशन भएको मितिले एक वर्ष सम्म,खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४/७/२४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम त्यसरी निवेदन दिने म्याद पुनः मिति २०७४/५/५ देखि मिति २०७५/५/४ सम्म तथा खण्ड ६८ सङ्ख्या ४६ मिति २०७५/९/१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम त्यसरी निवेदन दिने म्याद पुनःसो सूचना प्रकाशन भएको मितिले एक महिनासम्म तोकेकोमा त्यसरी निवेदन दिने म्याद यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले भूमि सम्बन्धी ऐन २०२१ को दफा २६घ३. ले दिएको अधिकार प्रयोग गरी खण्ड ६६ सङ्ख्या २२ मिति २०७३/५/६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गर्ने





कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि सो सूचना प्रकाशन भएको मितिले दुई वर्षसम्म तोकेको तथा खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४/७/२४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम त्यस्तो कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि पुनः मिति २०७४/५/५ देखि मिति २०७६/५/४ सम्म तोकेकोमा त्यस्तो कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि यो सूचना प्रकाशन भएको मितिले एक वर्षसम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
सुर्यप्रसाद गौतम
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।२०६२।६३